नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाई

पत्र संख्या: ०८२/८३
चलानी नं.: ३६

चौतारा, सिन्धुपाल्चोक
फोन:-०११-६२०१२५ (सिन्धुपाल्चोक), ०११-६६२२५८ (काभ्रे)
इमेल:pmamp.piu.sindhupalchok@gmail.com

सूचना प्रकाशित मितिः २०८२/०५/१८

## कृषि तथा पशुपंछी उधमशिलता विकास कार्यक्रम संचालनकालागि प्रस्ताब आव्हान सम्बन्धि सूचना ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाई, सिन्धुपाल्चोकको चालु आ.व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको कृषि तथा पशुपंछी उधमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपंछी विकास मन्त्रालयबाट स्वीकृत "कृषि तथा पशुपंछी उधमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२" बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र अर्थात (२०८२/०६/०७ गतेभित्र) चौतारा, सिन्धुपाल्चोकस्थित यस कार्यालय वा धुलिखेल, बाँसघारी, काभ्रेपलाञ्चोकस्थित प्राविधिक एकाई कार्यालयमा उपरोक्त कार्यविधिको अनुसूचि -२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि – ३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धि प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल:

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | वार्षिक लक्ष्य | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|---|
| कृषि तथा पशुपंछी उधमशिलता विकास कार्यक्रम | १६ देखि ४० वर्ष उमेर समूहभित्रका कृषक/कृषि उद्यमी | काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाभरी | १५ | कृषि तथा पशुपंछी उधमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कूल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैंया मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैङ्क खातामा भुक्तानी गरिनेछ। |

निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु:

१. कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा अनुसूचि-३ बमोजिमको प्रस्ताव (आवश्यकतानुसार थप गर्न सकिने)।
२. निवेदकको ब्यक्तिगत तथा तीनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकता/आधिकारिक परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
३. कार्यक्रम संचालनकालागि आवश्यक जग्गा सम्बन्धि कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडा/लिजमा लिएको भएमा जग्गाधनीसंग कम्तिमा ५ बर्ष र प्रशोधन तथा भण्डारणसंग सम्वन्धित संरचना निर्माणतर्फ कम्तिमा १० वर्षकालागि गरिएको आधिकारीक सम्झौतापत्रको प्रतिलिपि)
४. उद्यम वा ब्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.ब.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि (म्याद थप समेत), कारोबार सम्बन्धी अन्य कागजातहरु।
५. भ्याट/स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
६. समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/ सहकारी संस्थाको सिफारिस पत्र।

थप जानकारी चाहिएमा:

सम्पर्क नं : ०११-६२०१२५(सिन्धुपाल्चोक), ९८६०६४५६०१/९८४११०४५२२ (काभ्रे)

email : pmamp.piu.sindhupalchok@gmail.com, website : www.piusindhupalchowk.pmamp.gov.np

facebook page : राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, सिन्धुपाल्चोक

"कृषि तथा पशुपंछी उधमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२" साथै आवेदन र प्रस्ताव फारामको ढाँचा (अनुसूची-२ र ३ बमोजिम) माथि उल्लेखित कार्यालयको website बाट download गर्न सकिनेछ तथा विस्तृत जानकारी चाहिएमा माथिको फोन नं. मा सम्पर्क गर्न सकिनेछ।

पुनश्चः प्रकाशित सूचना सर्वपक्ष राष्ट्रिय दैनिक प्रत्रिकाको मिति २०८२/०५/१८ गतेको अङ्कबाट प्राप्त गर्न सकिनेछ।

"आत्मनिर्भर अर्थतन्त्रको लागि कृषिको आधुनिकीकरण, विशिष्टिकरण तथा औद्योगिकीकरण"